# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८०/०८१
च.नं : ७८८

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

मिति :- २०८०/९/१

विषय :- निर्णय कार्यान्वयन एवं जानकारीको लागि पठाईएको समबन्धमा ।

श्री शितगंगा नगरपालिका

१ देखि १४ वडा कार्यालय, विभिन्न स्थान, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा शितगंगा नगरपालिकाको नगरकार्यपालिकाको मिति २०८०/८/२९ मा बसेको बैठकले गरेका निर्णयहरू यसै साथ संलग्न राखी आवश्यक कार्यान्वयन एवं जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ/कार्यार्थ**

श्री नगरपालिकाका सवै शाखा शिनपा :- शाखासँग सम्बन्धित निर्णय कार्यान्वयनको लागि ।

श्री सूचना तथा प्रविधि र प्रशासन शाखा शिनपा :- शाखासँग सम्बन्धित निर्णय कार्यान्वयन र नगरपालिकाको Website मा राख्नु हुन ।

( अर्जुन शर्मा )
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०/८/२९ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. कोल स्टोर निर्माणको जग्गा प्राप्ती सम्बन्धमा ।
२. आर्थिक कोरिडोर कार्यक्रम अर्न्तगत भवन निर्माण सम्बन्धमा ।
३. निजी जग्गामा कार्य गर्दा तथा बाटो मर्मत गर्दा निस्केको माटो ढुङ्गा मिस्कट निकासी सम्बन्धमा ।
४. आय फिर्ता अर्न्तगतका योजना स्वीकृत गर्ने सम्बन्धमा ।
५. विभिन्न कार्यविधि सम्बन्धमा ।
६. आईइइ प्रस्तुती तथा स्वीकृत सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

बैठकका निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा संघीय सर्शत अनुदान अर्न्तगतको कार्यक्रममा चिस्यान केन्द्र निर्माण (सानादह वडा नं ४) भनि रु ४९७५०००।- वजेट विनियोजन भई आएको अवस्था छ । उक्त चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माणको लागि श्रीराम वेल्वासे शिनपा ४ ले कोल्ट स्टोर निर्माणको लागि शिनपा ४ को कि.नं.२५९ को क्षेत्रफल ३३८ वर्ग मी. (१० आना २ पैसा २.०८ दाम) जग्गा नि:शुल्क उपलब्ध गराउन इच्छुक रहेको भनि निवेदन दिएकोले स्वीकृत कार्यक्रम अनुसार तोकिएको क्षेत्रमा चिस्यान केन्द्र निर्माणको लागि नि:शुल्क जग्गा दिन निज श्रीराम बेल्वासे मंजुर भएकोले उल्लेखित कित्ताको उल्लेखित क्षेत्रफल अनुसारको जग्गा नि:शुल्क लिई चिस्यान केन्द्र निर्माण गर्न सो जग्गा यस नगरपालिकाको नाममा नि:शुल्क रजिष्ट्रेशन पास गरिदिन मालपोत कार्यालय अ.खा.लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक कोरिडोर कार्यालयको कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माणको आशयपत्र पेश गर्ने परिपत्र तथा कृषि पूर्वाधार विकास कार्याक्रम कार्यान्वयन कार्यविधि २०७८ अनुसार यस नगरपालिकाले भवन यस नगरपालिका रहेको जग्गाको कित्ता नं.२७५ मा बनाउने गरी प्रस्ताव पेश गरिसकेकोमा उक्त कार्यालय मार्फत निर्माण हुने कृषि तथा पशुपन्छी सेवा केन्द्र भवन यस नगरपालिकाको कम्पाउण्ड भित्र कार्यालयको अगाडी उत्तर पूर्व तर्फ रहेको खाली जग्गामा बनाउने निर्माण गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र ठेक्काबाट सडक चौडा गर्दा निस्कने माटो मिस्कट रोयल्टी बुझाई लैजान, घडेरी खन्दा निस्कने माटो ढुङ्गा मिस्कट रोयल्टी बुझाई विक्री तथा निकासी गर्न, गह्रा सुधार अर्न्तगत खेत सम्माउन र खेत सम्माउदा निस्कने ढुङ्गा, मिस्कट माटो रोयल्टी बुझाई विक्री तथा निकासीको लागि अनुमती पाउँ भनि छुट्टा छुट्टै निवेदनहरु आएकोले उक्त निवेदनका सन्दर्भमा निम्न अनुसार गर्ने निर्णय गरियो ।

तपशिल

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(क) यसै नगरपालिकाको वडा नं. १२ पिरापानी निवासी महेन्द्र गैरेले सोही स्थानमा मेरो नाममा रहेको कि.नं. ६७९ को क्षेत्रफल २२८९ जग्गा सम्याउने र खेत जग्गा सम्याउदा निस्कने माटो ढुङ्गा विक्री गर्नको लागि अनुमती पाउँ भनि दिएको निवेदनका सन्दर्भमा छलफल भयो। उक्त जग्गा सम्याई खेतीयोग्य बनाउन मेशिन प्रयोग गर्न दिने र खेतीयोग्य बनाउदा निस्कने माटो ढुङ्गा नापँजाच गरी नियमानुसार रोयल्टी बुझाई निकासी गरी लैजान अनुमती दिने।

(ख) यसै नगरपालिकाको वडा नं. ९ सिलिङ्गखोला निवासी लोक बहादुर गाहाले सोही स्थानमा मेरो बुवा टान बहादुर गाहाको नाममा रहेको कि.नं. ७ को क्षेत्रफल २१-६-३-१ को जग्गामा पोखरी बनाउन लागेको हुँदा उक्त पोखरी बनाउदा निस्कने ढुङ्गा मिस्कट नियमानुसार निकासी गर्नको लागि अनुमती पाउँ भनि दिएको निवेदनका सन्दर्भमा छलफल भयो। उक्त जग्गा मध्ये २० रोपनीमा बढी नहुने गरी मेशिन प्रयोग गरी पोखरी बनाउन दिने र निस्कने ढुङ्गा, मिस्कट नापँजाच गरी नियमानुसार रोयल्टी बुझाई निकासी गरी लैजान अनुमती दिने।

(ग) यसै नगरपालिकाको वडा नं. १२ टिक्करी निवासी कृष्ण बहादुर थापाले सोही स्थानमा रहेको कि.नं. ७६१ को क्षेत्रफल ०८४१० को जग्गा सम्याउने र सम्याउदा निस्कने ढुङ्गा संकलन गर्ने अनुमती पाउँ भनि दिएको निवेदनका सन्दर्भमा छलफल भयो। उक्त जग्गा सम्याई खेतीयोग्य बनाउन मेशिन प्रयोग गर्न दिने र खेत सम्याउदा निस्कने ढुङ्गा संकलन गरी विक्री निकासी गर्न चाहेमा नियमानुसारको रोयल्टी बुझाई निकासी गरी लैजनाको लागि अनुमती दिने।

(घ) यस नगरपालिकाको वडा नं. १ र २ मा पर्ने सितापुर सुवर्णखाल नेटापोखरा सडक ठेक्का भई सम्झौता गरी माटो काट्ने क्रममा ढुङ्गा ग्राभेल सडक छेउको सामुदायिक वनमा फाल्न नमिल्ने कारणले उक्त कटिङ्ग गर्दा निस्केको र निस्कने ढुङ्गा ग्राभेल व्यवस्थापनको निम्ती पालिकाले सहजिकरण गरी अन्य फर्मलाई आवश्यक परी लगेमा सम्झना निर्माण सेवाको तर्फबाट कुनै अवरोध नभएको भनि निवेदन पेश भएको छ। सोही विषयमा सिमलडाँडा वन उपभोक्ता समितिका अध्यक्षले उक्त कटिङ्ग गरेको माटो सामुदायिक वनमा स-साना विरुवा भएकोले विरुवा नोक्सान हुने हुँदा सामुदायिक वनमा नफाली अन्यत्रै फालिदिने व्यवस्था हुन भनि निवेदन दिएको अवस्थामा खनाल ब्रदर्श कन्स्ट्रक्सनले उक्त कटिङ्ग गर्दा निस्केको मिस्कट ग्राभेल खनाल ब्रदर्श/प्रतिभा/सम्झना जे.भी द्वारा निर्माण कार्य भईरहेको शिवपुर सडक अर्न्तगत शितगंगा नगरपालिका क्षेत्र भित्र हिलेखोला देखि ५ कि.मी अगाडी सम्म प्रयोग गर्न आवश्यक भएकोले रोयल्टी लिई लैजाने अनुमती पाउँ भनि निवेदन दिएको सन्दर्भमा छलपल भयो। यस कार्यालयबाट ठेक्का भई स्तरोन्नती भईरहेको उक्त बाटो चौडा गर्दा निस्केको ढुङ्गा, मिस्कट बाटो तल फाल्न सामुदायिक वनले नदिएको साथै यस कार्यालयमा सम्झौता गरी कार्य गरी रहेको सम्झना निर्माण सेवाले समेत ठेक्का अनुसार सडक चौडा गर्दा निस्केको ढुङ्गा मिस्कट अन्य फर्मले लगेमा कुनै आपत्ती नरहेको भनि सहमती दिएको अवस्था देखिंदा यस कार्यालयबाट

नाँपजाँच गरी नियमानुसारको रोयल्टी लिई यसै नगरपालिका क्षेत्र भित्र निर्माण भई रहेको हिलेखोला देखि अगाडीको खण्डमा प्रयोग गर्ने गरी लैजान खनाल ब्रदर्श/प्रतिभा/सम्झना जे.भी लाई अनुमती दिने ।

(ङ) यसै नगरपालिकाको वडा नं. १२ पिरापानी निवासी मुम बहादुर थापा मगरले सोही स्थानमा रहेको कि.नं. १०७० को क्षेत्रफल ५२७५ को जग्गामा घर घडेरी निर्माण गर्ने र सो गर्दा निस्कने ढुङ्गा माटो नगरपालिकामा राजश्व दाखिला गरी निर्माणको लागि अनुमती पाउँ भनि दिएको निवेदनका सन्दर्भमा छलफल भयो । उक्त जग्गामा घर घडेरी निर्माणको लागि खन्न मेशिन प्रयोग गर्न दिने र खन्दा निस्कने माटो ढुङ्गा विकी निकासी गर्न चाहेमा नियमानुसारको रोयल्टी बुझाई लैजान अनुमती दिने ।

(च) यस नगरपालिकाको वडा नं. ३ खर्सका निवासी हिमलाल भुसालले मेरो नाममा शिनपा १३ भंगालामा रहेको कि.नं. ९२ क्षेत्रफल करीव ७ रोपनीमा गह्रा सुधार गर्न र गह्रा सुधार गर्दा निस्कने ढुङ्गा रोयल्टी बुझाई विकीको लागि अनुमती पाउँ भनि दिएको निवेदनका सन्दर्भमा छलफल भयो । उक्त खेत सम्याउनको लागि खन्न मेशिन प्रयोग गर्न दिने र खन्दा निस्कने ढुङ्गा नियमानुसारको रोयल्टी रकम बुझाई निकासी गर्न अनुमती दिने ।

(छ) यस नगरपालिकाको वडा नं. ४ निवासी डम्बर बहादुर वेल्वासेले ठाडा अमराई जुकेना बाटो सँग जोडिएको मेरो नाममा रहेको कि.नं. ४२२ मध्येको करिव १ रोपनीबाट करीव ७०० घ.मी ढुङ्गा निकाली सोही सडक निर्माणमा बेच्नको लागि अनुमती पाउँ भनि दिएको निवेदनका सन्दर्भमा छलफल भयो । निवेदकको माग अनुसार उक्त कित्तामा ढुङ्गा खन्न मेशिन प्रयोग गर्न दिने र निस्कने ढुङ्गा नियमानुसारको रोयल्टी रकम बुझाई विकी गर्न अनुमती दिने ।

(ज) यसै नगरपालिकाको वडा नं. १४ करेचुली निवासी दान बहादुर घर्ति मगरले शिनपा १४ भालुखोलामा रहेको कि.नं. ६८० र ६८२ क्षेत्रफल ९७० र ७९५ को खेत सम्याउने र सम्याउदा निस्कने ढुङ्गा माटो संकलन गर्ने अनुमती पाउँ भनि दिएको निवेदनका सन्दर्भमा छलफल भयो । उक्त जग्गा सम्याई खेतीयोग्य बनाउन मेशिन प्रयोग गर्न दिने र खेत सम्याउदा निस्कने ढुङ्गा माटो संकलन गरी नियमानुसारको रोयल्टी बुझाई निकासी गरी लैजनाको लागि अनुमती दिने ।

(झ) यसै नगरपालिकाको वडा नं. १३ निवासी बावुराम वि.सी.ले शिनपा १३ मुसियानमा रहेको कि.नं. ५७ क्षेत्रफल ०६१३० को खेत सम्याउने र सो कार्य गर्दा निस्कने ढुङ्गा नियमानुसारको रोयल्टी बुझाई निकासी गर्ने अनुमती पाउँ भनि निवेदन दिएको भनि सोही व्यहोरा वडाको पत्र मार्फत आएको सन्दर्भमा छलफल भयो । उक्त जग्गा सम्याई खेतीयोग्य बनाउन मेशिन प्रयोग गर्न दिने र खेत सम्याउदा निस्कने ढुङ्गा संकलन गरी नियमानुसारको रोयल्टी बुझाई निकासी गरी लैजनाको लागि अनुमती दिने ।

प्रमुख प्रशासकीय अधिकृत

(ञ) यसै नगरपालिकाको वडा नं. ११ टिक्करी निवासी लिखे दमाईले शिनपा ११ टिक्करीमा रहेको कि.नं. २६ र ४९ क्षेत्रफल २२०, १९१४ को जग्गा सम्याइ गह्रा सुधार गर्न अनुमती पाउँ भनि निवेदन दिएको भनि सोही व्यहोरा वडाको पत्र मार्फत आएको सन्दर्भमा छलफल भयो । उक्त जग्गा सम्याइ गह्रा सुधार गर्न मेशिन प्रयोग गर्न दिने र जग्गा सम्याइ गह्रा सुधार गर्दा निस्कने ढुङ्गा, माटो निकासी गर्न चाहेमा नियमानुसारको रोयल्टी बुझाई निकासी गरी लैजनाको लागि अनुमती दिने ।

(ट) यसै नगरपालिकाको वडा नं. ११ टिक्करी मा निर्माण हुन लागेको सामुदायिक भवन निर्माणको लागि सम्झौता भएकोमा उक्त भवन निर्माण गर्दा निस्कने माटो फाल्ने ठाउँ नभएको र नेत्र प्रसाद आचार्यले राजश्व बुझाई लैजान चाहेको हुँदा सहमती प्रदान गरि दिन भनि वडाको पत्र मार्फत व्यहोरा उल्लेख भई आएको सन्दर्भमा छलफल भयो । यस कार्यालयमा टिक्करी सामुदायिक भवन निर्माणको लागि भएको सम्झौता तथा लागत अनुमान अनुसार घडेरी निर्माण गर्दा निस्कने माटो नियमानुसारको रोयल्टी बुझाई निकासी गरी लैजनाको लागि अनुमती दिने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस विषयमा आगामी बैठकमा छलफल गर्ने निर्माण गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस विषयमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १३ को थाप्लेबारीमा निर्माण हुन लागेको औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षण गर्न हातेमालो इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. सैनामैना ८ रुपन्देही सँग सम्झौता भई सो कार्य गरी पेश गरेको ड्राफ्ट प्रतिवेदन समेत समितिलबाट अध्ययन भई राय सुझाव सहित फिर्ता पठाईएकोमा सुधार गरी समिति हुदै नगर प्रमुखबाट कार्यपालिकाम पेश भएको छ । उक्त संस्थाले आजको कार्यपालिका बैठकमा सो प्रतिवेदन प्रस्तुतीकरण समेत गरेको छ । उक्त शिनपा १३ को थाप्लेबारीमा निर्माण हुन लागेको औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ७ को (४) बमोजिम स्वीकृत गर्ने । साथै उद्योग तर्फको कार्यक्रम भएकोले उद्योग विभागबाट स्वीकृत गराउनु पर्ने अवस्था भएमा उद्योग विभागमा गई स्वीकृतीको लागि कन्सल्टेन्सीलाई सोही बमोजिम गर्न आवश्यक थप बुझी सहजिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

**तपशिल**

(क) मदन आश्रृत भवन निर्माणको लागि विनियोजन भएको ५ लाखको कार्य उपभोक्ता समिति मार्फत गराउने ।

(ख) शिनपा १४ मा रहेको सूर्य ओडारको डिपिआर गर्ने ।

(ग) घातक रोगका विरामीहरुलाई मासिक औषधी उपचार खर्च चौमासिक रुपमा भुक्तानी दिई नेपाल सरकार सँग सोधभर्ना माग गर्नु पर्ने भएको तर नगरपालिकामा भुक्तानी दिन कुनै त्यस प्रकारको कोषमा रकम नभएकोले चालु आ.व.मा स्वास्थ्य सम्बन्धी व्यवस्थापन र कार्यक्रम संचालन तथा महिला स्वास्थ्य स्वंयम सेविका निःशुल्क विमा शिर्षकमा रहेको रकमबाट तत्काल रकम भुक्तानी गरी मन्त्रालयमा सोध भर्ना माग गर्ने र सोध भर्ना प्राप्त भएपश्चात उक्त स्वीकृत कार्यक्रम संचालन गर्ने ।

(घ) यस नगरपालिका क्षेत्र भित्र कुनै व्यक्तीको निजी जग्गामा गह्रा सुधार, घडेरी निर्माण, पोखरी निर्माण लगायत व्यवस्थापन गर्दा निस्कने माटो ढुङ्गा मिस्कट र सार्वजनिक क्षेत्रको विकास निर्माणको कार्य गर्दा निस्कने माटो ढुङ्गा मिस्कटको अनुगमन तथा नियमन गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।

***तपशिल***

संयोजक :- सम्बन्धित वडाको वडा अध्यक्ष

सदस्य :- योजना शाखा प्रमुख

सदस्य :- नगरपालिकाको नदीजन्य पदार्थ हेर्ने प्राविधिक कर्मचारी

सदस्य :- सम्बन्धित वडाको प्राविधिक कर्मचारी

सदस्य सचिव :- राजश्व शाखा प्रमुख

(ङ) प्रधानमन्त्री रोजगार तथा युवा रोजगार कार्यक्रमबाट चालु आ.व.मा कार्यान्वयन हुने योजनाहरु नगरसभाबाट स्वीकृत भएकोमा वडा नं ९ तर्फ धानखोला नयाँवस्ती पाकुरी सिस्ने सडकमा नाली सफा गर्नु पर्ने अवस्था रहेको तर उक्त योजनाको नाम समावेस नभएकोले वडा नं. ९ को लागि स्वीकृत प्रधानमन्त्री रोजगार तथा युवा रोजगार कार्यक्रमबाट धानखोला नयाँवस्ती पाकुरी सिस्ने सडकमा नाली सफा गर्ने कार्य गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत